# जागृती बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलामको
# शेयर तथा बचत परिचालन कार्यविधि निर्देशिका २०७७

प्रस्तावना :

राज्यको पुनः संरचना बमोजिम जारि भएको संविधान,तहगत सहकारी ऐन र सहकारीसंग सम्बन्धित प्रचलित ऐन, नियम,निर्देशिका बमोजिम जागृति बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलामको शेयर तथा बचत परिचालनलाई सुव्यवस्थित गर्न कार्यविधि निर्देशिका निर्माण गर्न वान्छनीय भएकोले संस्थाको विनियमको नियम ५७.ले दिएको अधिकार प्रयोग गरि यो "शेयर तथा बचत परिचालन कार्यविधि निर्देशिका २०७७" तर्जूमा गरी १७ औ साधारणबाट पारित गरि लागू गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो निर्देशिकाको नाम "शेयर तथा बचत परिचालन कार्यविधि निर्देशिका २०७७" रहनेछ।

(ख) यो निर्देशिका वार्षिक साधारण सभाले पारित गरेपछि तुरुन्त लागू हुनेछ।

२ परिभाषा :

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :**

(क) "ऐन" भन्नाले ' इलाम नगरपालिका, सहकारी व्यवस्थापन ऐन २०७४'लाई सम्झनु पर्दछ र यो शव्दले प्रदेश र संघीय सरकारले जारी गरेको सहकारी ऐनलाई समेत सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले इलाम नगरपालिकाले जारी गरेको सहकारी नियमावलीलाई सम्झनु पर्छ र यो शव्दले प्रदेश र संघिय सरकारले जारी गरेको सहकारी नियमावली समेतलाई सम्झनु पर्दछ।

(ग) "विनियम" भन्नाले सहकारी व्यवस्थापन ऐन २०७४(तत्कालिन सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९) अन्तर्गत दर्ता भएको संस्थाको विनियमलाई सम्झनु पर्छ।

(घ) "संस्था" भन्नाले सहकारी व्यवस्थापन ऐन २०७४(तत्कालीन सहकारी ऐन २०४८) अन्तर्गत दर्ता भएको 'जागृती बचत तथा ऋण सहकारी संस्था लिमिटेड, इलाम' लाई सम्झनु पर्छ। यस पछि संस्था मात्र भनिने छ। अंग्रेजीमा JAGRITEE SAVING AND CREDIT COOPERATIVE SOCIETY LIMITED ILAM भनिनेछ।

(ङ) "शेयर" भन्नाले संस्थाको शेयर पूँजीको विभाजित अंशलाई जनाउँछ।

(च) "शेयर सदस्य" भन्नाले सदस्यता फारम बुझाई सस्थाको विनियम अनुसार संस्थाले तोकेको प्रवेश शुल्क र सदस्यता शुल्क तिरी शेयर खरिद गरेर नियमित निक्षेप गर्ने व्यक्तिलाई सम्झनु पर्छ। यस पछि सदस्य मात्र भनिनेछ।

(छ) "संचालक समिति" भन्नाले साधारण सभाबाट निर्वाचित संस्थाका संचालकलाई जनाउँछ ।

(ज) "निक्षेप/बचत" भन्नाले शेयर सदस्यहरूले संस्थामा जम्मा गरेको सबै प्रकारको निक्षेपलाई जनाउँदछ ।

(झ) "नियमित निक्षेप" भन्नाले मासिक निक्षेपलाई बुझाउँदछ ।

(ञ) दैनिक वचत भन्नले प्रत्येक दिन जम्मा गरिने वचतलाई बुझाउँदछ ।

(ट) "बालनिक्षेप" भन्नाले विनियम तथा निर्देशिका (हरू) बमोजिम शेयर सदस्यले जन्मेदेखि १८ (अठार) बर्ष उमेर नपुगेका बालबालिकाहरूको नाममा संस्थामा गरेको निक्षेपलाई सम्झनुपर्छ । यस शब्दले संस्थाले उपलब्ध गराएको खुत्रुकेमा जम्मा गरेको रकमलाई समेत जनाउँदछ ।

(ठ) आवाधिक वचत भन्नाले निश्चित समयावधि तोकेर राखिएको वचतलाई बुझाउँदछ ।

(ड) "ऐच्छिक निक्षेप" भन्नाले जुनसुकै समयमा जम्मा तथा फिर्ता गर्न सकिने वचतलाई बुझाउँदछ ।

(ढ) "प्राथमिक पूँजी कोष" भन्नाले जगेडा कोष र शेयर पूँजीको योगलाई सम्झनु पर्ने छ ।

## परिच्छेद-२
## शेयर पूँजी

३. शेयर पूँजी

(क) संस्थाको शेयर मूल्य प्रति शेयर रु १००।- (एकसय) हुनेछ ।

(ख) संस्थाको चुक्ता शेयर एक लाख थानको शेयर पूँजी एक करोड रुपैयाँ मात्र संकलन गरिनेछ । त्यसपछि वार्षिक साधारण सभाद्वारा थप गरिदै लगिनेछ ।

(ग) एक जना सदस्यले संस्थाको कूल चुक्ता शेयर पूँजीको २०% (प्रतिशत) मा नबढाई शेयर लिन सक्नेछ ।

(घ) शेयर सदस्यले आफुले जम्मा गरेको निक्षेप रकमको १०% (प्रतिशत) भन्दा कम नहुने गरी शेयर खरीद गर्नुपर्नेछ ।

(ङ) सदस्यले आफ्नो शेयर रकम निक्षेप गरेको रकमको दश प्रतिशत भन्दा कम भएमा तुरुन्त शेयर थप गर्नुपर्नेछ । यसरी सदस्यले पुस मसान्तसम्म शेयर थप नगरेमा त्यस्ता सदस्यको निक्षेप रकमबाट कट्टा गरी शेयर रकममा परिणत गरिनेछ ।

(च) प्रत्येक वर्ष शेयर सदस्यले साधारण सभाले तोके बमोजिम रकम बराबरको शेयर अनिवार्य खरिद गर्नु पर्नेछ ।

(छ) शेयर सदस्यले आफ्नो पुरै वा आंशिक सेयर फिर्ता लिन चाहेमा फिर्ता लिन सक्नेछ । पुरै सेयर फिर्ता लिने सदस्यले संस्थावाट उपलब्ध सुविधा पाउने छैन ।

(ज) शेयर आपसमा बिक्री वा हस्तान्तरण गर्न सदस्य भएको दुई वर्ष पुगेपछि मात्र गर्न पाइनेछ ।

(झ) सदस्यले सेयर वापतको रकम विनियम वमोजिम फिर्ता लिन चाहेमा सदस्यता छोडेको मितिले पहिलो पटक लेखा परीक्षण भए पछि मात्र हरहिसाव चुक्ता गरी फिर्ता पाउन सक्नेछन् ।

(ञ) अन्तिम लेखा परिक्षण प्रतिवेदनमा शेयर लाभांश कोषमा छुट्टिएको रकम लाभांशको रुपमा शेयर रकमको अनुपातमा वितरण गरिने छ । यस्तो लाभांश १००। ले भाग खाने जति शेयरमा थप गरिने छ ,बाँकी १००। ले भाग नखाने रकम बचत खातामा थप गरिने छ ।

## परिच्छेद-३
## बचत/निक्षेप

४. नियमित निक्षेप

(१) मासिक निक्षेप :

(क) संस्थाको सदस्यता प्राप्त गरेको मितिदेखि संस्थामा मासिक निक्षेप न्यूनतम २००।-(दुई सय रुपैया)देखि अधिकतम ५०,०००।-(पचास हजार रुपैयाँ)सम्म नियमित जम्मा गर्न सक्नेछन् । न्यूनतम र अधिकतम हद समितिले थपघट गर्नसक्नेछ ।

(ख) मासिक निक्षेप रकम तोकिएको समयमा संस्थामा बुझाउनु पर्ने छ ।

(ग मासिक निक्षेप रकम लगातार १ बर्ष सम्म पनि संस्थामा जम्मा नगरेमा त्यस्ता शेयर सदस्यलाई संचालक समितिले निर्णय गरेर निष्काशन गर्न सक्नेछ । यसरी निष्काशन गदा रु १००। सेवा शुल्क वापत कट्टा गरी बाँकी निक्षेप रकम फिर्ता गरिने छ ।

(घ) नियमित निक्षेप रकम अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

(ङ) शेयर सदस्यले आफूले नियमित वचत गर्ने रकममा खण्ड (क) को प्रतिकूल नहुने गरी थपघट गर्न सक्नेछन् ।

(च ) निक्षेप गर्न थालेको एक वर्षसम्म फिर्ता लिन पाइने छैन । तर तोकिएको अवधि पुगेपछि निक्षेप रकम ऋण मिलान गर्न वा फिर्ता गर्न चाहेमा निक्षेप रकमको अधिकतम ९० प्रतिशतसम्म ऋण मिलान गर्न वा फिर्ता लिन पाइने छ । तर संस्थाबाट राजीनामा दिई छोड्न चाहेमा वा विशेष परिस्थिति परेको अवस्थामा जुनसुकै बखतमा फिर्ता लिन पाइने छ । यसरी विचमा खाता बन्द गरेमा बाँकी अवधिको ब्याज पाइने छैन ।

(छ) निक्षेप रकम धितो राखी ऋण लिएको सदस्यले ऋण चुक्ता नगरेसम्म निक्षेप फिर्ता लिन पाइने छैन । धन जमानी बसेको शेयर सदस्यले पनि ऋणी शेयर सदस्यले आफु जमानी बसेको रकम बराबर ऋण नबुझाएसम्म निक्षेप फिर्ता लिन पाइने छैन ।

(ज) निक्षेपमा बार्षिक साधारणले निर्णय गरे बमोजिम ब्याज दिइने छ ।

(झ) निक्षेपमा अर्धबार्षिक रुपमा ब्याज गणना गरि निक्षेप खातामा जम्मा गरी सावाँमा परिणत गर्दै लगिने छ ।

(ञ) निक्षेपको पासबुक सञ्चालक समितिले तोकेको शुल्क लिई उपलब्ध गराइनेछ ।

(२) दैनिक बचत

(क) संस्थाको सदस्यता प्राप्त गरेको मितिदेखि संस्थामा दैनिक निक्षेप न्यूनतम १००।-(एक सय रुपैया)देखि अधिकतम २०,०००।-(बिस हजार रुपैयाँ)सम्म नियमित गर्नुपर्नेछ । न्यूनतम र अधिकतम हद समितिले थपघट गर्नसक्नेछ ।

(ख) दैनिक निक्षेप बजार प्रतिनिधि मार्फत वचत कर्ताको पसल वा घरमा गई संकलन गरिने छ ।

(ग) दैनिक निक्षेप रकम लगातार ६ महिना सम्म पनि जम्मा नगरेमा त्यस्ता शेयर सदस्यलाई संचालक समितिले निर्णय गरेर निष्काशन गर्न सक्नेछ । यसरी निष्काशन गदा रु १००।– सेवा शुल्क वापत कट्टा गरी बाँकी निक्षेप रकम फिर्ता गरिने छ ।

(घ) नियमित दैनिक निक्षेप रकम अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

(च) शेयर सदस्यले आफूले नियमित गर्ने रकममा खण्ड (क) को प्रतिकूल नहुने गरी थपघट गर्न चाहेमा जुनसुकै समयमा पनि थपघट गर्न सक्नेछन् ।

(छ) दैनिक निक्षेप गर्न थालेको शुरुको एक महिना सम्म झिक्न पाइने छैन । तर तोकिएको अवधि पुगेपछि निक्षेप रकम ऋण मिलान गर्न वा फिर्ता गर्न चाहेमा निक्षेप रकमको अधिकतम ९० प्रतिशतसम्म ऋण मिलान गर्न वा फिर्ता गर्न पाइने छ ।

(ज) निक्षेप रकम धितो राखी ऋण लिएको सदस्यले ऋण चुक्ता नगरेसम्म निक्षेप फिर्ता लिन पाइने छैन । धन जमानी बसेको शेयर सदस्यले पनि ऋणी शेयर सदस्यले आफु जमानी बसेको रकम बराबर ऋण नबुझाएसम्म निक्षेप फिर्ता लिन पाइने छैन ।

(झ) दैनिक निक्षेपमा साधारण सभाले तोके बमोजिम अर्धबार्षिक रुपमा ब्याज प्रदान गरनिछ ।

५. आवधिक निक्षेप :

(क) शेयर सदस्यले आफ्नो सुविधा अनुसार एकवर्षे, दुईवर्षे, तीनवर्षे र पाँचवर्षे आवधिक निक्षेप गर्न सक्नेछन् ।

(ख) आवधिक निक्षेप न्यूनतम रु. १०,०००।- (दशहजार) देखि अधिकतम रु. ३०,००,०००।- (तीस लाख) सम्म मात्र स्वीकार गरिनेछ । दश लाख रुपैंयादेखि माथिको रकम निक्षेप जम्मा गर्दा अनिवार्य श्रोत खुलाउनु पर्ने छ ।

(ग) आवधिक निक्षेपमा साधारण सभाले तोके बमोजिम अर्धबार्षिक रुपमा ब्याज प्रदान गरनिछ ।आवाधिक बचतमा पाकेको ब्याज साँवामा थप नगरि छुट्टै खातामा राखिने छ। यस्तो खातामा रहेको रकम जुनसुकै बेला फिर्ता लिन सकिने छ, साथै यो खातामा रहेको रकमको साधारण सभाले तोके बमोजिम अर्धबार्षिक रुपमा ब्याज प्रदान गरनिछ ।

(घ) आवधिक निक्षेपको रकम समय भुक्तान नभई झिक्नुपर्ने अवस्था आएमा संस्थालाई एक महीना अघि लिखित जानकारी दिनुपर्नेछ । विना पूर्व जानकारी रकम उपलब्ध गराउन संस्था बाध्य हुने छैन । यसरी समय भुक्तान नभई आवधिक रकम झिकेको खण्डमा भुक्तान हुन बाँकी समयसम्मको लागि सोहि ब्याजदर लिइनेछ ।

(ङ) निक्षेप रकम धितो राखी ऋण लिएको सदस्यले ऋण चुक्ता नगरेसम्म निक्षेप फिर्ता लिन पाइने छैन । धनजमानी बसेको शेयर सदस्यले पनि ऋणी शेयर सदस्यले आफु जमानी बसेको रकम बराबर ऋण नबुझाएसम्म निक्षेप फिर्ता लिन पाइने छैन ।

६. बाल बचत/निक्षेप

(क) संस्थाको विनियम र निर्देशिका (हरू) बमोजिम सदस्यता प्राप्त शेयर सदस्यको १६ वर्ष उमेर नपुगेको बालबालिकाले बाल बचत/निक्षेपमा आवेदन फाराम भरी सहभागी हुन सक्नेछन् ।

(ख) बाल बचत खुत्रुके मार्फत पनि जम्मा गर्न सकिने छ । संस्थाले तोकेको शुल्क तिरेर खुत्रुके लिन सकिने छ ।

(ग) बालनिक्षेप ऐच्छिक भएकोले न्युनतम रु १००। देखि एक पटकमा अधिकतम रु ५०,०००। गर्न सकिनेछ ।

(घ) बालनिक्षेप रकम संरक्षकले सोही बालक वा बालिकको हितमा खर्च गर्ने गरि फिर्ता लिन सक्नेछन् ।

(ङ) बाल बचतकर्ता १८ बर्ष नपुगुन्जेल निजको संरक्षकले कारोबार गर्न सक्नेछन् ।

(च) बाल बचत/निक्षेप गरिरहेको बालबालिकाको उमेर १८ वर्ष पुगेपछि विनियम र निर्देशिका(हरू) बमोजिम प्रकृया पुऱ्याए शेयर सदस्य बनाइने छ ।

(छ) बाल निक्षेप रकम लगातार १ बर्ष सम्म पनि संस्थामा जम्मा नगरेमा त्यस्ता शेयर सदस्यलाई संचालक समितिले निर्णय गरेर निष्काशन गर्न सक्नेछ । यसरी निष्काशन गदा रु १००। सेवा शुल्क बापत कट्टा गरी बाँकी निक्षेप रकम फिर्ता गरिने छ ।

७ स्वेच्छिक निक्षेप :

(क) यो निक्षेप ऐच्छिक भएकोले कार्यालय समयमा जतिसुकै रकम पनि जम्मा गर्न र फिर्ता गर्न सकिनेछ । तर रु १,०००,००० दश लाख भन्दा माथिको रकम जम्मा गर्दा अनिर्वाय श्रोत खुलाउनु पर्ने छ ।

(ख) स्वेच्छिक निक्षेप खातामा न्युनतम रु १००। हुनु पर्नेछ अन्यथा खाता बन्द भएको मानिने छ ।

(ग) स्वेच्छिक निक्षेपमा साधारण सभाले तोके बमोजिम अर्धबार्षिक रुपमा ब्याज प्रदान गरनिछ ।

(घ) स्वेच्छिक निक्षेपलाई धितो राखी ऋण लिन पाइने छैन ।

८. विशेष बचत :

(क) नियमित मासिक बचत गर्ने सदस्यले मात्र यो बचतमा सहभागी हुन पाउने छन् ।

(ख) यो बचतमा सहभागी हुने सदस्यले मासिक रुपमा न्युनतम रु २००। लगातार ५ बर्ष सम्म बचत गनुपर्नेछ ।

(ग) ५ बर्ष नपुगे सम्म यो बचत फिर्त लिन सकिने छैन ।

(घ) विशेष निक्षेपमा साधारण सभाले तोके बमोजिम अर्धबार्षिक रुपमा ब्याज प्रदान गरनिछ ।

९. बचत सङ्कलनमा सीमा :

(१) संस्थाको जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पुँजी कोषको १५ गुनाभन्दा बढी हुने छैन ।

१०. बचाउ तथा खरेजी

यो निर्देशिका लागू हुन पूर्व गरिएका सम्पूर्ण कार्य यसै निर्देशिका बमोजिम भएको मानिने छ।

११. बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार :

यस निर्देशिकाको कार्यान्वयन गर्ने क्रममा कुनै किसिमको द्विविधा वा बाधा अड्काउ आईपरेमा सो को बाधा अड्काउ फुकाउने वा व्याख्या गर्ने अधिकार संचालक समितिलाई हुनेछ।

१२. स्वत निष्कृय हुने :

यस निर्देशिकाको व्यवस्थाहरु संस्थाको बिनियम वा अन्य कुनै प्रचलित नेपाल कानून सँग बाझिएमा बाँझिएको हद सम्म स्वत निष्कृय हुनेछ।

१३.संशोधन र परिमार्जन :

आवश्यकता अनुसार सन्चालक समितिले लिखित संशोधन प्रस्ताव तयार गरि साधारण सभाबाट प्रकृया पुऱ्याएर पारित भएपछि निर्देशिका संशोधन हुनेछ।

१४. थप घट गर्न सकिने :

आवश्यकता अनुसार संचालक समितिले निर्णय गरि वचतको प्रकार थप घट गरि संचालन गर्न सक्नेछ।

१५. व्याज उपलब्ध नगराईने

नियमित वचत नगरि वा कुनै कारणले सदस्यता खारेजी भएमा निजको नाममा रहेको शेयर तथा वचत रकम व्याज प्रदान नगरिने गरि भुक्तानी दिनुपर्ने खातामा राखिने र सम्पर्कमा आएको दिन फिर्ता गरिने छ।